आज मिति २०७४ माघ २१ गते आइतबार दिनको १:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री (

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

**निर्णयहरु :–**

१. यस नगरापालिकाको आ.व. २०७३/०७४ को अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गरी मिति २०७४।९।२३ गते प्रारम्भिक प्रतिवेदन पेश भएको सम्बन्धमा बुंदा नं. २१ देखि ४९ सम्म दफावार छलफल गरी सम्परीक्षण गरी फछ्र्यौट गर्नको लागि महालेखा परीक्षकको कार्यालयमा राय प्रतिक्रिया पठाउने निर्णय गरियो ।

२. निर्माण समितिको देहाय अनुसारको निर्णय अनुमोदन गरियो :

क) भक्तपुर नगरपालिकाको मिति २०७४ कार्तिक २० गते सोमबारको बोर्ड बैठकले यस नगरपालिका क्षेत्रमा २०७२ बैशाख मसान्त अघि नै ९’X९’’, ९’X१२’’ पिलर राखि भवन निर्माण गरेका नगरवासीहरुको सम्बन्धमा निर्माण समितिले आवश्यक स्थलगत निरीक्षण गरी स्वीकृति गर्ने निर्णय अनुसार नक्शा पास गरिएका भवनहरुमा तल्ला थप्न माग भएको अवस्थामा निर्माण समितिको आवश्यक स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा ९’’X९’’ पिलर साइजमा तीन तल्ला र भऱ्याङ्ग खण्डसम्म र ९’X१२’’ पिलर साइजमा चार तल्लासम्म (चार तल्लामा सम्पूर्ण निर्माण टुंग्याउने गरी, चार तल्लामाथि भऱ्यााङ खण्डको सुविधा नपाउने गरी) तल्ला थपको नक्सा स्वीकृति दिने निर्णय गरियो ।

ख) यस भ.न.पा. कार्यालयमा नक्शा पास गरी निर्माण सम्पन्न प्रमाण पत्र माग भएकोमा सामान्य अनियमित देखि ठूलो अनियमित निर्माण समेत भएको हुंदा निर्माण सम्पन्न प्रमाण पत्र दिन समस्या भएको हुदा सामान्य अनियमित निर्माणको हकमा (सामान्य अनियमित भन्नाले स्वीकृत नक्शा भन्दा तल्ला उचाई बढेको, टप बार्दली निकालिएको, झ्याल ढोका संख्या फरक भएको, स्वीकृत नाप भन्दा कम निर्माण गरिएको, झ्याल ढोकाको लागि आवश्यक सेटव्याक नपुग भएको, बाहिरी भऱ्याङ्ग छोप्न फाइबर सिट राखिएको, मापदण्ड नमिचिने गरी कम्पाउण्ड लगाएको, कौशी तल्लामा ५’ सेटव्याकमा टप बाहिर गारो लगाई कौशी पर्खाल बनाइएको) निश्चित दस्तुर लिएर निर्माण सम्पन प्रमाण पत्र दिन सिफारिस भई आएको हुंदा सो अनुसार गर्ने निर्णय गरियो ।

ग) पुरानो नगर क्षेत्रमा साविक घरमा बुट्टेदार झ्याल रहेकोमा सो झ्याल हटाई नक्शा पेश भएकोमा साविक बुट्टेदार झ्याल राख्न नक्शावालालाई सहुलियत दिने, साविक बुट्टेदार झ्याल राख्न नसक्ने गरी बिग्रेमा, मकिएमा सो को सट्टा अन्य परम्परागत शैलीको झ्याल राख्ने गरी सिफारिस भई आएको हुंदा सो अनुसार गर्ने निर्णय गरियो ।

घ) मन्जुरी बाटोसंग जोडिएको जग्गामा घरको नक्सा पास गर्न पेश भएको अवस्थामा सो मन्जुरी बाटो मन्जुरी दिनेले नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको सडक लम्बाई अनुसारको मापदण्ड अनुसार मापदण्ड छोड्नु पर्ने । मन्जुरी नदिने अर्को तर्फको जग्गावालाले झ्याल ढोका राख्ने भए झ्याल ढोकाको लागि आवश्यक सेटव्याक मात्र छोड्ने गरी झ्याल ढोका नराख्ने भएमा मन्जुरी बाटोको सिमानासम्म बनाउन पाउने गरी दिने सिफारिस भई आएको हुंदा सो अनुसार गर्ने निर्णय गरियो ।